# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, वैशाख ३१ गते, २०८३ साल (संख्या १

## भाग २

### गण्डकी प्रदेश सरकार

### आर्थिक मामिला मन्त्रालयको सूचना

**प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) नियमावली, २०८३**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम ११३ मा संशोधनः** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम ११३ को उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) आर्थिक मामिला मन्त्रालयले ऐनको दफा १९ को उपदफा (३) बमोजिमको पूँजीगत रकमको रकमान्तर गर्ने अधिकार कुनै निकायको लेखा उत्तरदायी अधिकृतलाई ऐनको दफा ५९ बमोजिम प्रत्यायोजन गर्न सक्नेछ।

(१ख) उपदफा (१क) बमोजिम प्रत्यायोजन गरिएको अधिकार प्रयोगको जवाफदेहिता त्यस्तो अधिकार प्रयोग गर्ने सम्बन्धित लेखा उत्तरदायी अधिकृतमा निहित रहने छ।"

आज्ञाले

डा. टोकराज पाण्डे

प्रदेश सरकारको सचिव